# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०५/१६ गते

## प्रेस विज्ञप्ति

### विषय: अनुसन्धान अधिकृतहरुलाई निर्देशन ।

---------------------------------------------------------------------

मिति २०७४ भदौ १५ गते आयोगको सभाहलमा माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यात, आयुक्तहरु श्री नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, श्री राजनारायण पाठक, डा. श्री सावित्री गुरुङ थापाले अनुसन्धान अधिकृतहरुलाई निर्देशन दिनु भयो। निर्देशनका क्रममा माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यातले आयोगको लागि आँखा, नाक र कान भनेकै आयोगमा कार्यरत कर्मचारी भएको चर्चा गर्दै आयोगले दिएको सेवा, सुविधा अनुरुप सवैले आ-आफ्नो दायित्व र जिम्मेवारी पूरा गर्नुपर्दछ भन्नु भयो। प्रमुख आयुक्त बस्न्यातले अनुसन्धानमा भएका कमी कमजोरीलाई सुधार गर्दै अगाडि बढ्नुपर्ने कुरामा जोड दिनुभयो। उहाँले कतिपय उजुरी लामो समय सम्म पनि टुंगोमा पुग्न नसकेको भन्ने गुनासा आउने गरेका छन् भन्दै त्यसतर्फ विशेष ध्यान दिन अनुसन्धान अधिकृतहरुलाई निर्देशन दिनुभयो। आयोगमा कार्यरत सवै कर्मचारीलाई संस्था प्रति इमान्दार र जिम्मेवार भएर काम गर्न निर्देशन दिदै प्रमुख आयुक्त श्री दीप बस्न्यातले कर्मचारीले आयोगको स्वार्थमा रहेर काम गनुपर्ने बताउनुभयो। निर्देशनका क्रममा आयुक्तहरु श्री नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, श्री राजनारायण पाठक, डा. श्री सावित्री गुरुङ थापा र आयोगका सचिव श्री राजन खनालले आयोगले चुस्त र पारदर्शी ढंगबाट काम गर्न सक्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता